ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ६

बैठक मिति: २०८१।०९।२७

आज मिति २०८१/०९/२७ गते शनिवारका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
| --- | --- |
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ चन्द्र सिह कुँवर | सदस्य सचिव |

अन्य उपस्थिति

| | |
| --- | --- |
| गोपाल सिह विष्ट | लेखा सहायक |
| विरा दत्त भट्ट | प्र.३.अ |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ६ बैठक मिति: २०८१।०९।२७

प्रस्तावहरु:

१. रकमान्तर सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने योजनाहरु सम्बन्धमा ।

३. ऐन अनुमोदन सम्बन्धमा ।

४. कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।

५. कार्यविधि संशोधन सम्बन्धमा ।

६. करार कर्मचारी म्याद थप सम्बन्धमा ।

७. योजना म्याद थप सम्बन्धमा ।

८. जग्गा प्राप्ती प्रकृया सम्बन्धमा ।

९. विपद् राहत वितरण सम्बन्धमा ।

१०.विविध

निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको बार्षिक बजेट कार्यान्वयनका क्रममा विविध रकमान्तर गर्न आवश्यक रहेकाले तपसिल बमोजिमको रकमान्तर गरि स्वीकृतीका लागि १७ औ गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

क्रमश:

# ख्यौंस गाउँपालिकाको १७ औं गाउँसभाबाट संशोधन गर्नका लागि पेश गरिएका आ.व. २०८१/८२ का योजना तथा कार्यक्रमहरु

| क.स. | योजना तथा कार्यक्रम | बजेट उपशिर्षक | बजेटको प्रकृति | बजेटको स्रोत | रकम | घट/बढ रकम | संशोधित योजना तथा कार्यक्रम | रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवास विहिनलाई आवास कार्यक्रम | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | ५००,०००.०० | वडा नं. ६ कार्यालय भवन निर्माण (क्रमागत-जोड कोष) | २,०००,०००.०० | |
| २ | वडा नं. ४ चक्रपथ निर्माण (कोरकट्या-डीकट-मल्धाइ-महगाउँ-सल्ला-पथरकोट-क्रमागत) | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ३,०००,०००.०० | १,५००,०००.०० | | | |
| ३ | घट्ट देखि बुकरा सम्म सडक निर्माण ख्यौंस ५ (क्रमागत) | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ८००,०००.०० | २००,०००.०० | श्री रानिस्थान ब्रहम मन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | २,४००,०००.०० | |
| ४ | कोरकट्या-पथरकोट सडक स्तरोन्नती वडा नं.५ (क्रमागत) | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | ५००,०००.०० | औजार खरिद | ५०,०००.०० | |
| ५ | हरिश्चन्द्र मन्दिर निर्माण सुन्खेरा वडा नं. ४ | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५००,०००.०० | २००,०००.०० | बमेडी विद्यालयमा पर्खाल तथा ढल निकास | १,०००,०००.०० | |
| ६ | सामुदायिक विद्यालयहरुमा टिनको छाना रेलिङ र ग्रील | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५००,०००.०० | ५००,०००.०० | महगाउँ देखि पालिका भवन सम्म पि.सि.सि. बाटो निर्माण (प्र.म.रो.का. संग लागत साझेदारी) | ५००,०००.०० | |
| ७ | प्रशासकीय भवनको गेट पर्खाल र बाटो निर्माण (क्रमागत) | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५००,०००.०० | ५००,०००.०० | योगा कार्यक्रम | ५००,०००.०० | |
| ८ | बमेडी विद्यालय घेरबार तथा बाल निर्माण | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | १,०००,०००.०० | | | |
| ९ | महगाउँ देखि पालिका भवन सम्म पि.सि.सि. बाटो निर्माण | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ८००,०००.०० | ८००,०००.०० | | | |
| १० | सरकारी भवन निर्माण वडा नं. ५ | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५००,०००.०० | ५००,०००.०० | | | |
| ११ | मल्धाइ पुल्चारी घेरबार | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १५०,०००.०० | १५०,०००.०० | | | |
| १२ | खातीगाउँ काटेघार खा.पा. निर्माण वडा नं. ४ | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ३००,०००.०० | ३००,०००.०० | लटबाव आ.वि. जयपुर | ३३०,०००.०० | |
| १३ | प्र.म.स्व. संग लागत साझेदारी वडा नं. ५ | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | २५०,०००.०० | ३०,०००.०० | | | |
| १४ | राइघल घट्ट निर्माण वडा नं. २ | ख्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १००,०००.०० | १००,०००.०० | राइघल घट्ट मर्मत वडा नं. २ | १००,०००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | ब्रह्मदह आ.वि. देखि डोब भुमिराज मन्दिरसम्म जोड्ने पि.सि.सि. बाटो निर्माण-४ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १००,०००.०० | १००,०००.०० | भूमिराज मन्दिर मर्मत तथा रंगरोगन | १००,०००.०० | |
| १६ | खेल मैदान फिल्ड निर्माण वडा नं. ४ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १००,०००.०० | १००,०००.०० | श्री श्रीचन्द आ.वि. मा घेरपर्खाल निर्माण (प्र.म.रो.का. संग साझेदारी) | १००,०००.०० | |
| १७ | पहिरा नौलाघर खा.पा. मर्मत | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ४ | १००,०००.०० | १००,०००.०० | ब्रह्मस्थान मा.वि. डोकट खा.पा. निर्माण वडा नं. ४ | १००,०००.०० | |
| १८ | रिठा ढल निकास (क्रमागत) | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ५ | १००,०००.०० | १००,०००.०० | तल्लागाउँ ढलनिकास | १००,०००.०० | |
| १९ | फेराघर देखि सैनसम्म घो.बा. निर्माण वडा नं. ६ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १००,०००.०० | १००,०००.०० | फेराघर देखि अनारखोलासम्म घो.बा. निर्माण वडा नं. ६ | १००,०००.०० | |
| २० | सामुदायिक तिज घर निर्माण | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५००,०००.०० | १००,०००.०० | तिकर स्वास्थ्य चौकी निर्माण | १००,०००.०० | |
| २१ | तिकर सडक निर्माण (ब्यौंस गाउँपालिका क्षेत्र) | ब्यौंस गाउँपालिका | पुजीगत | प्रदेश समानीकरण अनुदान | ५००,०००.०० | ५००,०००.०० | बसेडी विद्यालयमा घेरपर्खाल निर्माण | ५००,०००.०० | |
| २२ | एक वडा एक नमूना आ.वि. कार्यक्रम | ब्यौंस गाउँपालिका | पुजीगत | प्रदेश समानीकरण अनुदान | १,०००,०००.०० | १,०००,०००.०० | श्री रानिस्थान ब्रहम मन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | १,०००,०००.०० | |
| २३ | सार्वजनिक स्थलहरुमा शौचालय निर्माण | ब्यौंस गाउँपालिका | पुजीगत | प्रदेश राजश्व बाँडफाँड | ५००,०००.०० | ५००,०००.०० | भण्डारी फलफुल बगैंचा उद्योगको क्षतिपुर्ति भुक्तानी | ३००,०००.०० | |
| २४ | | | | | | | १२ वर्षे कण्डाली मेला व्यवस्थापनको बाकी भुक्तानी | २००,०००.०० | |
| २५ | खरमुक्त कार्यक्रम (क्रममागत) वडा नं. २ | ब्यौंस गाउँपालिका | पुजीगत | प्रदेश राजश्व बाँडफाँड | ५००,०००.०० | ३००,०००.०० | कण्डाली मेला खेलकुद व्यवस्थापनको बाकी भुक्तानी | ३००,०००.०० | |
| २६ | रिठा र च्यूरीबाट साबुन उत्पादन तथा भटमास दाल मोट उत्पादन वा आलु बाट आलु चिप्स उत्पादन तालिम | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-उधम विकास शाखा | ३००,०००.०० | ३००,०००.०० | युवा तथा खेलकुद (राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको भुक्तानी) | ४००,०००.०० | |
| २७ | सेनिटेरी प्याड उत्पादन वा जुता चप्पल उत्पादन | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-उधम विकास शाखा | १००,०००.०० | १००,०००.०० | | | |
| २८ | रोजगार सेवा केन्द्रबाट प्रवाह हुने सेवा सम्बन्धी लाभग्राहीहरुलाई अभिमुखिकरण | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-उधम विकास शाखा | ५०,०००.०० | ५०,०००.०० | औजार आरन | ५०,०००.०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | तिकर पाइप खरिद | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. १ | ६०,०००.०० | ६०,०००.०० | तिंकर स्वास्थ्य चौकी निर्माण | १६०,०००.०० | |
| ३० | पोल लाइट खरिद ढाइरु | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. १ | १००,०००.०० | १००,०००.०० | | | |
| ३१ | सामुदायिक वन वडा घन सामुदायिक वन संरक्षण सम्बन्धी अभिमुखिरकण कार्यक्रम | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ६ | ५०,०००.०० | ५०,०००.०० | प्रधानमन्त्री कार्यक्रमको दक्ष श्रमिकको ज्याला भुक्तानी | १००,०००.०० | |
| ३२ | सानै छु उमेर पुग्न देउ बाल विवाह रोइन स्कुल पढ्न देउ भन्दै बालबालिका जनचेतनामुलक कार्यक्रम | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ६ | ५०,०००.०० | ५०,०००.०० | | | |
| ३३ | बाली उपचार शिविर | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-कृषि विकास शाखा | २००,०००.०० | १५०,०००.०० | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १५०,०००.०० | |
| ३४ | राष्ट्रिय परिचय पत्र इन्ट्रि तथा बायोमेट्रि भेरिफिकेशन | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-राष्ट्रय पञ्जीकरण शाखा | ४०,०००.०० | ४०,०००.०० | MIS सम्बन्धी तालिम | १२०,०००.०० | |
| ३५ | सामाजिक सुरक्षा भत्ता नविकरण शिविर तथा विवरणअध्यावधिक | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-राष्ट्रय पञ्जीकरण शाखा | ८०,०००.०० | ८०,०००.०० | | | |
| ३६ | दलित उत्थान वडाकव पहिचान | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ४ | ५०,०००.०० | ५०,०००.०० | सार्वजनिक स्थल सरसफाइ कार्यक्रम | ५०,०००.०० | |
| ३७ | कृषि तथा योजना शाखामा विभिन्न कार्यक्रम | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ३ | १००,०००.०० | १००,०००.०० | वडा कार्यालय सहयोगी तथा पालेको सेवा सुविधा | १५०,०००.०० | |
| ३८ | वडाध्यक्षसग अनाथ बालबालिका | ब्यौंस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ४ | ५०,०००.०० | ५०,०००.०० | | | |
| ३९ | कर्मचारी तथा जनप्रतिनिधिका लागि जीवन रुपान्तरण तथा सकरात्मक सोच विकास कार्यक्रम | ब्यौंस गाउँपालिका | चालु | संघ राजश्व बाँडफाँड | ८,०००,०००.०० | ३००,०००.०० | भ्रमण खर्च (पदाधिकारी) | ३००,०००.०० | |
| जम्मा | | | | | २३,१३०,०००.०० | ११,१६०,०००.०० | - | ११,१६०,०००.०० | |

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमहरु वडा कार्यालयहरुबाट छनौट भइ आएकोले तपसिल बमोजिम योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने तथा स्वीकृतिका लागि १७ औ गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | वडा नं | आयोजनाको नाम |
|---|---|---|
| १ | २ | बिन्नला जाने बाटो मर्मत |
| २ | | रानिबन उतिसपानि तटबन्ध र बाटो मर्मत |
| ३ | | चौरा देखी धुरा जाने धोरेटो बाटो निर्माण |
| ४ | | स्थानिय तहको लागत साझेदारीमा वडा नं २ भित्र खा.पा. मर्मत सम्भार |
| ५ | ३ | गाडि खोला धार घो.बा. निर्माण |
| ६ | | काठा पि.सि.सि. निर्माण |
| ७ | | तुसरपानी जोखिम बस्ति व्यवस्थापन |
| ८ | | स्थानिय तहको लागत साझेदारीमा वडा नं ३ भित्र खा.पा. मर्मत सम्भार |
| ९ | ४ | मडगाँउ विद्यालयमा घेरपर्खाल जालीका लागी गा.पा.सगँ लागत साझेदारी |
| १० | | मडगाँउ देखि नयाँ पालिका सम्म पि.सि.सि. बाटो गा.पा. सँग लागत साझेदारी |
| ११ | | खेत देखि डोकट सम्म घो.बा. निर्माण |
| १२ | | स्थानिय तहको लागत साझेदारीमा वडा नं ४ भित्र खा.पा. मर्मत सम्भार |
| १३ | ५ | स्थानिय तहको लागत साझेदारीमा मा.वि.स्याकु देखि तिंकर सडक सम्म पि.सि.सि |
| १४ | | स्थानिय तहको लागत साझेदारीमा तिकंर सडक देखि धार किमसैन सम्म पि.सि.सि. |
| १५ | | स्थानिय तहको लागत साझेदारीमा वडा नं ५ भित्र खा.पा. मर्मत सम्भार |
| १६ | ६ | डाडा घर देखि अदेर सम्म घो.बा. निर्माण |
| १७ | | माडरौ खातिगाँउ सडक |
| १८ | | सिलिङ पन्यार घो.बा. हुती |
| १९ | | घोरेठा हुती सडक |
| २० | | खातिगाँउ सितल निवास देखि हुती पिपलबोट सम्म घो.बा. |
| २१ | | चौपाता आसिकान्ना पि.सि.सि. बाटो |
| २२ | | चौबाटा देखी मल्लागाँउ सम्म पि.सि.सि. बाटो निर्माण |
| २३ | | स्थानिय तहको लागत साझेदारीमा वडा नं ६ भित्र खा.पा. मर्मत सम्भार |

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको खानेपानी सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ लाई अनुमोदन गर्ने तथा स्वीकृतिका लागि १७ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाले तयार पारेका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

क. आधारभूत तह नमुना विद्यालय छनौट, विकास तथा सञ्चालन कार्यविधि २०८१,

ख. ब्याँस गाउँपालिकाको ट्यूसन तथा कोचिङ कक्षा सञ्चालन अनुमति कार्यविधि २०८१,

ग. ब्याँस गाउँपालिका अध्यक्ष स्वरोजगार सञ्चालन कार्यविधि २०८१,

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा "ब्याँस गाउँपालिकाको छात्रवृति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०८० लाई तपसिल बमोजिम संशोधन तथा थप गर्ने निर्णय गरियो,
परिच्छेद ६ को १०, ११,१२ र १३ थप
परिच्छेद ५ को (क) शंशोधन

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका तथा अन्तरगतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कनका आधारमा २०८१ माघ देखि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित म्याद समाप्त भएका योजनाहरुको २०८१ माघ मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं ८ माथी छलफल गर्दा तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक निर्माणका क्रममा दुँहु गाउँपालिका वडा नं ३ का कृषकहरु तथा ब्याँस गाउँपालिका वडा नं ६ का कृषकहरुको बालीनाली, फलफुल डालेघाँस लगायत खेतबारी नष्ट भएको हुँदा क्षतीपूर्तिको वास्तविक यकिन गरि राहत वितरणका लागि प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।
तपसिल
क. राजेन्द्र सिह कुँवर – संयोजक (वडा अध्यक्ष वडा नं ६)
ख. करिष्मा घर्ती- सदस्य ( कृषि शाखा प्रमुख )
ग. अम्बरा बोहरा- सदस्य (अ.स.ई- वडा नं ६)

निर्णय नं ९. प्रस्ताव नं ९ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विभिन्न स्थानीयहरुले विपद् राहतका लागि निवेदन पेश गरेको हुँदा ब्याँस गाउँपालिका प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ बमोजिम तपसिलको राहत रकम भुक्तानी दिने निर्णय गरियो ।
तपसिल

| क्र.सं | लाभग्राहीको नाम | ठेगाना | किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | कुसुम बोहरा | ब्याँस १ | घर जोखिम | १५,००० | |
| २ | भागरती भट्ट | ब्याँस ४ | घर जोखिम | १५,००० | |
| ३ | जानकी धामी | ब्याँस ५ | खर क्षती | ४००० | |
| ४ | तिरा कुँवर | ब्याँस ६ | खानेपानी क्षती | १५,००० | |
| ५ | सुन्दर सिह भण्डारी | ब्याँस ६ | आगन क्षती | १०,००० | |

निर्णय नं १०. प्रस्ताव नं १० (क) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत टुहुरा बालबालिकाहरुले शैक्षिक वृतिका लागि सहयोग गरिदिन निवेदन पेश गरेको हुँदा तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं | लाभग्राहीको नाम | ठेगाना | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|
| १ | सचिन खाती | ब्याँस ४ | १५,००० | अध्यक्ष अक्षय कोष | |
| २ | गौरा भट्ट | ब्याँस ४ | १५,००० | अध्यक्ष अक्षय कोष | |
| ३ | आनन्दी भट्ट | ब्याँस ४ | १५,००० | अध्यक्ष अक्षय कोष | |
| ४ | श्रीमती धाना कामी | ब्याँस ४ | १५,००० | अध्यक्ष अक्षय कोष | |

निर्णय नं ११. प्रस्ताव नं १० (ख) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत कक्षा ११ र १२ सञ्चालित विद्यालयहरुमा ११/१२ कक्षाका लागि शिक्षक सहजकर्ताको त.भ. गाउँपालिकाबाट व्यवस्थापन गरिदै आएकोमा आगामी शैक्षिक सत्र २०८२ को बैशाख महिना देखि गाउँपालिकाबाट त.भ. भुक्तानी गर्न नसकिने हुँदा विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्ताव नं १० (ग) माथी छलफल गर्दा ब्याँस गाउँपालिका अन्तरगत आधारभूत स्वास्थ्य इकाई केन्द्र सिनामा कार्यरत सुवास सिह कुँवरलाई अर्को व्यवस्था नभए सम्मका लागि सुन्सेरा स्वास्थ्य चौकीमा तथा वडा नं ३ को कार्यालयमा कार्यरत सामाजिक परिचालक सुबेन्द्र राज भट्टलाई गाउँपालिकाको कार्यालयमा कामकाज गर्न खटाउने निर्णय गरियो ।

निर्णय नं १३. प्रस्ताव नं १० (घ) माथी छलफल गर्दा सम्पाल मावि सुन्सेरामा वालविकास सहजकर्ता पदमा कार्यरत कर्मचारी देवकी भट्टको माघ महिना देखि लागू हुने गरि मासिक पन्ध्र हजार त.भ. भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १४. प्रस्ताव नं १० (ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाद्धारा मिति २०८१।०५।१२ गते प्रकाशित विज्ञापन नं १, पाले पदको विज्ञापन रद्द गर्ने तथा विज्ञापन अनुसार दरखास्त पेश गरेका उम्मेद्धवारहरुको दस्तुर रकम फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं १५. प्रस्ताव नं १० (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमका कडा रोगीहरुले औषधि उपचारका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकाले देहायको रकम उपचार सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | किसिम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|---|
| १ | गोमती धामी | ब्याँस ५ | मुटुरोगी | ५०,००० | | |
| २ | श्रीमती भागरती देबी कुँवर | ब्याँस ५ | मुटुरोगी | ५०,००० | | |

निर्णय नं १६. प्रस्ताव नं १० (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा रहेको श्री ब्रह्माण्डी मन्दिर निर्माण गर्दा प्राविधिक पूर्वानुमान गर्न नसकिएको परिमाणहरु लागत अनुमान भन्दा बढी हुन गएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४(ख) बमोजिम भेरिएसन आदेश जारी गर्ने प्रावधान अनुसार श्री जय दुर्गे निर्माण सेवालाई थप परिमाणको काम भेरिएसन अनुसार १५ प्रतिशत भेरिएसन आदेश जारी गर्ने निर्णय गरियो।

निर्णय नं १७. प्रस्ताव नं १० (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका र कृषि ज्ञान केन्द्र दार्चुलाको सहकार्यमा बाझो जमिनमा कृषि कार्यक्रम (बाझो जमिन सदुपयोग कार्यक्रम) अन्तरगत चालु आर्थिक वर्षमा बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम ब्याँस गाउँपालिका वडा नं ६ पनिखालमा गठित हरिचन्द्र कृषक समुह मार्फत सञ्चालनका लागि कृषि ज्ञान केन्द्र दार्चुला, ब्याँस गाउँपालिका र कृषक समुह विच त्रिपक्षिय सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं १८. प्रस्ताव नं १० (झ) माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।०५।२० गतेको MOU on projects Aid to Nepal अन्तरगत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने परिपत्र निर्देशन बमोजिम यस गाउँपालिकालाई आवश्यक भएका तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो।

तपसिल

क. पुर्वाधार विकास योजनाहरु:

१. श्री सिद्ध माध्यमिक विद्यालय सिना भवन निर्माण, ब्याँस ३

२. श्री सम्पाल मावि छात्रवास निर्माण ब्याँस ४

ख. क्षमता विकास सम्बन्धी तालिम

१. तालिम, अध्ययन तथा अवलोकन

निर्णय नं १९. प्रस्ताव नं १० (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ३ अन्तरगत कार्यालय सहयोगी र मालीका लागि बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालनका कर्मचारी भर्ना प्रकृया अघीबढाउने निर्णय गरियो।

निर्णय नं २०. प्रस्ताव नं १० (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा निर्माणाधिन १५ शैया अस्पतालको जग्गा अपुग हुन आएकाले आवश्यक जग्गा प्राप्तीका लागि प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २१. प्रस्ताव नं १० (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा कम उत्पादन हुने खाद्यान्नको सहज आपूर्ति गर्ने तथा उत्पादन हुने रैथाने बाली जन्य खाद्यान्नको उचित बजारीकरण गर्नु आवश्यक रहेकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसंग खाद्य बिक्रि तथा खरिद कक्ष स्थापनाका लागि आवश्यक सम्झौता प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २२. प्रस्ताव नं १० (ड) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ लाई शंशोधन गरि स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं २३. प्रस्ताव नं १० (ढ) माथी छलफल गर्दा गत आर्थिक वर्षमा विभिन्न वडा कार्यालयहरुले नारी दिवस (महिला दिवस) कार्यक्रम सञ्चालन गरेको हुँदा नियमानुसारको रकम महिला लक्षित कोषबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २४. प्रस्ताव नं १० (ण) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा विभिन्न योजनाहरु माग तथा पहलका लागि गाउँपालिका अध्यक्ष मंगल सिह धामी र वडा नं १ का वडा अध्यक्ष विनोद सिह बुढाथोकी संघीय राजधानी काठमाडौं गएको हुँदा आवत जावत तथा खान बस्न दुबै जनाको लागि भएको खर्च मध्ये बढीमा दुई लाख पचास हजार रकम भ्रमण खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २५. प्रस्ताव नं १० (त) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत आवश्यक तपसिल बमोजिमका योजनाहरुको DPR तयार गर्ने निर्णय गरियो।

तपसिल

क. सिना तातोपानी संरक्षण ब्याँस ३

ख. सिना तटबन्ध ब्याँस ३

ग. दुर्गा मन्दिर निर्माण ब्याँस ५

घ. डोकट लिफ्टिङ खानेपानी ब्याँस ४

निर्णय नं २६. प्रस्ताव नं १० (थ) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको कार्यालयलाई मोटरसाईकल आवश्यक रहेकाले कन्टिजेन्सी शिर्षकबाट खर्च हुने गरि मोटरसाईकल खरिद प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २७. प्रस्ताव नं १० (द) माथी छलफल गर्दा नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ तथा विषेश अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम यस ब्याँस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो।

तपसिल

समपुरक अनुदान अन्तरगत

क. तिमुरपाटा हुती धौलाकोट मडगाउँ माल सडक

ख. श्री रानीस्थान ब्रह्म मन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण

विषेश अनुदान अन्तरगत

क. डोकट लिफ्टिङ खानेपानी आयोजना ब्याँस ४

ख. विषेशज्ञ स्वास्थ्य शिविर तथा स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम

ग. कृषि कार्यक्रम

घ. आलु तरकारी खेती, प्लास्टिक घर निर्माण, कोल्ड स्टोर निर्माण भूमिराज महिला कृषक समुह ब्याँस ३

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ६ बैठक मिति: २०८१।०९।२७

निर्णय नं २८. प्रस्ताव नं १० (ध) माथी छलफल गर्दा गत वर्षमा आर्थिक दायित्व सिर्जना भएका तथा विविध कारणले भुक्तानी बाकी रहेका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संघ राजस्व बाडफाड अन्तरगतको "विविध कार्यक्रम" शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | कार्यक्रमको नाम | रकम | भुक्तानी पाउने |
|---|---|---|---|
| १ | प्लास्टिक घर वितरण कार्यक्रम | ८,७५० | वसन्त कृषक समुह |
| २ | ३ नं वडा कार्यालय जेष्ठ नागरिक सम्मान कार्यक्रम अपुग रकम | १,००,००० | विराज सिह कुँवर |
| ३ | ३ नं वडा कार्यालय वडा कार्यसमितिको मासिक बैठक | ४९,००० | जमन सिह बडाल |

निर्णय नं २९. प्रस्ताव नं १० (न) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुका लागि तपसिल बमोजिम स्वास्थ्यकर्मी कर्मचारी आवश्यक भएकाले करार सेवाबाट पदपूर्तिका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो।

तपसिल

१. अहेब- १जना

२. अनमि- १ जना

निर्णय नं ३०. प्रस्ताव नं १० (प) माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२४, मिति २०८१।०६।२० गतेको प्राप्त पत्रानुसार बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत यस गाउँ कार्यपालिकाको कार्यालयमा नियुक्त पोषण सहजकर्ता रुमावती बुढाथोकीको तीन महिना सम्मको त.भ तत्कालका लागि करार सेवा शुल्क शिर्षकबाट भुक्तानी गर्ने तथा भुक्तानी गरिएको रकम बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट फुकुवा भए पश्चात सोधभर्ना गर्ने निर्णय गरियो।

निर्णय नं ३१. प्रस्ताव नं १०(फ) माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम बमोजिम वडा कार्यालय भवनमा टेवा पर्खाल निर्माण वडा नं ६ शिर्षकमा विनियोजित रकम रु १५,००,००० अक्षरुपी पन्ध्र लाख लाई तपसिल बमोजिमका योजनाहरुमा विनियोजन गरी उक्त कार्य कोटेशन प्रकृयाबाट अघि बढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं | क्रियाकलाप | रकम | कै |
|---|---|---|---|
| १ | वडा कार्यालय भवनमा टेवा पर्खाल निर्माण वडा नं ६ (खण्ड १) | १०,००,००० रु दश लाख | |
| २ | वडा कार्यालय भवनमा टेवा पर्खाल निर्माण वडा नं ६ (खण्ड २) | ५,००,००० रु पाँच लाख | |